## ग) निर्णयहरु

निर्णय नं.१

यो नगरसभा हामी नवनिर्वाचित पदाधिकारीहरुलाई आफ्नो अमुल्य मत प्रदान गरी विजयी गराई यस नगरपालिकाको गरिमामय जिम्मेवारीमा पुर्‍याउनुहुने सम्पूर्ण नगरवासी मतदाता महानुभावहरु प्रति धन्यवाद दिदै कृतज्ञता व्यक्त गर्दछ।

निर्णय नं.२

यस सुन्दरबजार नगरपालिकाको नगरकार्यपालिकाको मिति २०७४।०३।२८ गते सम्पन्न दोस्रो बैठकबाट भएको निर्णय बमोजिम यस सभामा पेश हुन आएका आर्थिक विधेयक, २०७४ र विनियोजन विधेयक, २०७४ लाई पारित गर्ने ।

निर्णय नं.३

यस सुन्दरबजार नगरपालिकाको नगरकार्यपालिकाको मिति २०७४।०३।२८ गते सम्पन्न दोस्रो बैठकबाट पारित भई यस सभासमक्ष पेश हुन आएको आगामी आ.व.०७४।७५ को नीति तथा कार्यक्रम एवं आय व्यय विवरण तपसिल बमोजिम हुनेगरी पारित गर्ने ।

तपसिल

(क) आगामी आ.व. ०७४।०७५ कालागी निम्न विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु पारित गर्ने ।

निम्न

**क) आर्थिक विकास क्षेत्र**

**१. कृषिः**

- यस नगरपालिका क्षेत्रमा उपलव्ध कृषि क्षेत्रको दिगो विकासका लागि १ वर्ष भित्र विज्ञसहितको एक समिति गठन गरी भू उपयोग नीति निर्माण गर्ने, कृषिसंग सम्वन्धीत महिला, युवा, कृषक, प्राविधिक समेतको संलग्नता र उपलव्ध सबै स्रोत साधनको उपयोग गरी आगामी ५ वर्ष भित्र खाद्यान्नमा आत्मनिर्भर नगरपालिका बनाउने नीति लिईनेछ ।
- कृषकहरुको सर्वपक्षिय हितको लागी कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको विक्रिवितरणकोलागी कृषि बजारको व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- कृषिबालीको प्रकृतिको आधारमा कृषियोग्य जमिनको पहिचान गरी नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडामा कम्तिमा एक कृषि पकेट क्षेत्रकोरुपमा विकास गरिनेछ ।

**२. उद्योग तथा वाणिज्य :**

- यस नगरपालिकाको वडा नं २ परेवाडाडा र अन्य संभाव्य क्षेत्रको पहिचान गरी उद्योगहरुको प्रवर्द्धन गर्ने र सो का लागि आवश्यक पूर्वाधारहरुको विकास गर्दै जाने नीति लिईनेछ । साथै कृषिमा आधारीत घरेलु तथा साना उद्योगहरुलाई विशेष प्राथमिकता दिइ कार्यक्रमहरु संचालन गरिनेछ ।
- बजारको एकाधिकार र कृतिम अभावको स्थीति रहन नदिन र गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरुको विक्रि वितरणलाई रोक्न नापतौल तथा मुल्य मापनका नीति व्यवस्थीत गर्न प्रभावकारी कदम चालिनेछ ।

**३. पर्यटन :**

- यस नगरपालिका भित्र रहेका गहते, मुलकोट, बजारकोट, तार्कुकोट, चण्डिकोट, तुर्लुङकोट, कुन्छा गढीकालिका, सिन्दुरे ढुङ्गा, खजे पार्क, हाडेटार मनकामना मन्दिर, परेवाडाडाँ देवीस्थान, लाङ्दीदेवी

मन्दिर, कुन्छा भागिरथी मन्दिर, अकला मन्दिर, ढुङ्गे कोल कालिका मन्दिर, वरेटार शिवालय मन्दिर, अन्नपूर्ण टोल अन्नपूर्ण मन्दीर, भैरवदेवी टोल भैरव मन्दिर, रामजानकी मन्दिर, ठाँटीचौर नारायणथान मन्दिर, तुलुङकोट मौलाकालीका, गहतेकालिका, भयरी गढी, पाउँदी शिवालय मन्दिर, शक्तिदेवी मन्दिर, सुत्केरीले गाडेको ढुङ्गाक्षेत्र, दुराडाडाँ हलाकर्षण स्थल, बौद्ध गुम्वा, चर्च, मस्जित लगाएतका ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धन गर्दै अगाडी बढ्ने नीति लिईनेछ ।

- पर्यटन प्रवर्द्धनकालागी नगरपालिका क्षेत्रभित्रका सबै वडाहरुको सम्भाव्यता अध्ययन गरी संभावित वस्तीहरुमा घरवास (होमस्टे) संचालनको कार्यक्रम कार्यान्वयन गर्न पहल गरिनेछ ।

४. सहकारी :

- यस नगरपालिका क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका र आगामी दिनमा स्थापना भई संचालन हुने बहुउदेश्य समेतका सहकारीहरुलाई प्रवर्द्धन गर्दै लगिनेछ ।
- एक वडा एक कृषि सहकारी स्थापाना गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

५.वित्तियः

- यस नगरपालिका क्षेत्रभित्र संचालित बैङ्क तथा  वित्तिय संस्थाहरुको संचालन र समन्वयलाई व्यवस्थीत गर्दै उत्पादनमुलक क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्रोत्साहित गरिने नीति लिईनेछ ।
- व्यक्ति तथा संघ संस्थाहरुमा रहेको तरल सम्पतिको अनुत्पादक क्षेत्रमा हुने लागानीलाई निरुत्साहित गरी उत्पादनसिल क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**ख)सामाजिक विकास क्षेत्रः**

१. शिक्षाः

- राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी नगरपालिका क्षेत्रमा रहने जनशक्तिको शिप विकास र क्षमता अभिबृद्धिको लागी सञ्चालन हुने प्राविधिक लगाएतको शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अर्न्तगतको यस ४ नं प्रदेश भित्रकै आंगिक क्याम्पसको रुपमा यस नगरपालिकाको वडा नं ७ मा स्थापीत भई संचालनमा रहेको एकमात्र लमजुङ कृषि क्याम्पसमा यस नगरपालिका भित्रका जनशक्तिले निर्धारित कोटाभित्र रहेर अध्ययन गर्न नपाउने हालको अवस्थालाई सुधार गर्न नगरपालिका क्षेत्र भित्र बसोवास भई उक्त क्याम्पसमा अध्ययन गर्न चाहाने विद्यार्थिहरुकोलागी निश्चित कोटा निर्धारण गर्न र उक्त क्याम्पसमा स्नातक तह भेटेरीनरी र कृषि विषयमा स्नातकोत्तर तह समेतको अध्ययन अध्यापन गर्ने गराउने व्यवस्थाको लागी सम्वन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।
- नगर क्षेत्र भित्रका सामुदाकि विद्यालय, सामुदायीक एवं आंगिक क्याम्पसहरुमा प्राविधिक, शिपयुक्त र उत्पादनमुलक शिक्षा प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

- यस नगरपालिका क्षेत्र भित्र सञ्चालन भैरहेका माध्यमीक विद्यालयहरु (११ र १२ कक्षा) मा अध्यापन गराइने प्राविधिक विषयहरुमा दोहोरोपन नहुने गरी सञ्चालन गर्ने व्यवस्था गर्न एकद्धार नीति अवलम्वन गरिनेछ ।
- हाल सममुदायीक र निजी विद्यालयहरुबाट प्रदान गरिदै आएको शिक्षाको गुणस्तरमा अन्तर देखीएकोले गुणस्तरमा समानता कायम राख्न सामुदायीक विद्यालयहरुमा रहेका व्यवस्थापन समिति र विद्यालयका पदाधिकारीहरुलाई जिम्मेवार बनाउने र निजी विद्यालयहरुको संचालन प्रकृयामा नियमनकालागी सुचकहरुको विकास गरी कार्यान्वयनको पहल गरिनेछ ।

२. **स्वास्थ्यः**

- यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सुन्दरबजार अस्पताल, नमुना सामुदायीक अस्पताल, चन्द्रेश्वर प्राथमीक स्वास्थ्य केन्द्र, सामुदायीक तथा निजी अस्पताल लगाएत सबै स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुको स्तरोन्नतीमा जोड दिदै सबै नागरीकहरुलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहका लागी जोड दिने नीति लिईनेछ ।
- अस्पताल र स्वास्थ्य चौकीहरुको व्यवस्थीत सञ्चालनकालागी आवश्यक पर्ने जग्गा, संरचना र उपकरणहरुको उचित प्रवन्धकालागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

३. **खानेपानी तथा सरसफाईः**

- खानेपानी सुविधा नपुगेका ठाउँहरुमा जनताको पहुँच विस्तार साथै खानेपानी गुणस्तरमा समेत ध्यान दिईनेछ
- डोकामा बोकेर खानेपानी उपयोग गर्ने अवस्थाको अन्त्य गरी एक घर एक धाराको व्यवस्था गरिनेछ । साथै आवश्यकता अनुसार लिफ्ट प्रविधिको समेत प्रयोग गरी खानेपानी उपलव्ध गराइने व्यवस्था गरिनेछ ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्को रुपमा सञ्चालन गरिनेछ । नगरक्षेत्रको सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिईनेछ ।
- फोहरमैलाको शुल्क संकलनलाई प्रमुख प्राथमिकता दिइने छ । जसको कार्यान्वयको लागी नीजि क्षेत्रको सहयोग लिने नीति लिईनेछ ।
- यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनकालागी गाडीको पहुच नपुगेको स्थानहरुमा फोहोर संकलन स्थलको निर्माण गरी फोहोर मैला व्यवस्थापन गर्ने कार्यक्रमलाई अगाडी बढाईनेछ ।

४. **संस्कृति प्रवर्द्धन :**

- यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचिनकालदेखी चल्दै आएको मैलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व) लाई संरक्षण एवं प्रवद्धन गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

- कला र संस्कृतिको संरक्षण र संवद्धनकालागी पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।
- जाति, जनजाति लगाएतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न आवश्यकता अनुसार संग्राहलयहरुको निर्माणमा सहयोग गर्दै लगिनेछ ।

**५. लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

- यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने प्रत्येक विकास निर्माण, श्रोत साधनको वितरण र अन्य क्रियाकलापहरुमा लैंगिक समानता तथा सामाजिक समावेसीकरणको नीतिलाई प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिनेछ ।

**ग) पूर्वाधार विकास क्षेत्र :** सुन्दरबजार नगरपालिकाको आधुनिक एवं व्यवस्थीत विकासका लागी २० बर्षे नगर गुरुयोजना निर्माण गरिनेछ र सो योजनाका आधारमा आ.व. ०७५/७६ देखी उक्त गुरुयोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरुको कार्यान्वयन गर्दै लगिनेछ ।

**१. सडक तथा पुल:**

- यस नगरपालिका क्षेत्रभित्रका सडकहरुको व्यवस्थित निर्माण र सञ्चालनका लागी नगरपालिकाद्धारा विगतमा तयार पारिएको नगर सडक यातायात गुरुयोजनालाई अद्यावधिक गर्दै लगिनेछ ।
- यस नगरपालिकाका सम्पूर्ण क्षेत्र एवं स्थानहरुलाई सडक सञ्जालमा आवद्ध गराउने नगर रिङरोडको निर्माण र सडक सञ्जालको विस्तार गरिने एवं भैरहेका सडकहरुको स्तर उन्नती एवं कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका आधारमा क्रमिक रुपमा कार्यान्वयन गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र आवश्यकताका आधारमा पक्की पुल र झोलुङ्गेपुलको निर्माण एवं विस्तारको कार्यलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायातलाई सहज र सुलभ बनाउन नगरबस संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**२. सिंचाई:**

- यस नगरपालिका क्षेत्रभित्र रहेका हाडेटार सिंचाई योजना, पाउँदी खोला पृन्तेवेशी, किरिन्चे खोला कुलो, मजुवा मुहानेकुलो, ढाव कुलो, मणीकुलो, खर्केको कुलो, राङखोला ठाँडीस्वाराँ हुदै तालोखेत कुलो, झरीढुङगा सिमखेत सिंचाई योजना, सहकाले सिंचाई योजना, धर्तीखोला कुवापानी हुदै मैदान सम्मको सिचाई योजना, अर्मलफाँट कुलो, फेदीकुना कुलो, ग्याग्दी सेराफाँट कुलो, पाउँदी भाडवेसी कुलो, पाँउदी जरुवा कुलो, किरिञ्चे सत्रसय कुलो, ठुलोखोला धुसेनी कुलो, फुस्रेखोला उपल्लो एक्लेखेत, अर्मलफाँट लिफ्ट सिँचाई योजना, हाँडे-टारी कुलो, रिङ्दे सिंचाई कुलो, कुपिण्डे खोला-सीमखेत कुलो, भागीरथी तिलहार सिंचाई कुलो, गाडापानी सिलिङ्गे खेत कुलो, दुरापधेरो न्याउली पधेरो जा भोर्ले जाने कुलो, जौवारी कमेरपानी चैते कुलो, ठुलीखेत आरुबोट कुलो, धारापानी ठुलीखेत कुलो लगाएतकाक कुलोहरुको निर्माण एवं स्तरोन्नती गर्दै अगाडी बढ्ने नीति लिईनेछ ।
- सोलार पम्प प्रविधि जडान गरी सिंचाईलाई व्यवस्थीत गर्दै अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

३. भवन तथा शहरी विकास:

- भवन तथा शहरी विकासकालागी एकिकृत बस्ती विकासको संभावनाको अध्ययन गरि प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता साथ एकिकृत वस्तीहरुको निर्माण र विकास गर्दै लगिनेछ ।
- भवन तथा शहरी विकासकालागी बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

४. उर्जा/जलविद्युत:

- यस नगरपालिकाका विद्युत विस्तार हुन बाँकी बस्तीहरुमा विधुत विस्तारको कार्यलाई अगाडी बढाईनेछ ।
- थ्रिफेज विद्युत विस्तार नभएका वस्तीहरुमा आवश्यकता अनुसार थ्रिफेज विद्युत लाइनको विस्तार एवं स्तरोन्नती गर्ने नीति अवलम्वन गरिनेछ ।
- हाल सञ्चालनमा रहेका विधुतलाईनबाट प्रसारण भैरहेको विधुतलाई नियमानुसार सञ्चालन गर्न, गराउन विशेष पहल गरिनेछ ।

५. सञ्चार:

- यस नगरपालिकाका सबै बस्तीहरुमा वस्तीको माग बमोजिम लेण्डलाईन टेलिफोनको व्यवस्था गर्न र सबै वडा कार्यालय लगाएत सरकारी निकायहरुमा इन्टरनेटको सहज पहुन पुर्याउन सो अनुसारको व्यवस्थाका लागी आवश्यक पहल गरिनेछ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन :**

**१. वन तथा भू- संरक्षण :**

- यस नगरपालिका भित्र रहेका सरकारी तथा सामुदायीक वनहरुकाको संरक्षण सम्वर्द्धन र भू संरक्षणकालागी एकीकृत योजना वनाई स्थानीय स्तरमानै वन उपभोक्ता समिति निर्माण गरी जिम्मा दिइनेछ । खालि भएका सरकारी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु रोप्न र हरित शहर र हरित नगरपालिका वनाउनकालागी एक घर दुई विरुवा भन्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै गठन भएका वन उपभोक्ता समितिहरुबाट उत्कृष्ट वन उपभोक्ता समितिलाई हरेक वर्ष पुरस्कृत गर्ने नीति लिईनेछ ।

**२. जलाधार संरक्षण :**

- यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानि चल्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरुको पहिचान संरक्षण गरी जलाधार क्षेत्रमा हुने भुक्षय तथा वातावरण प्रदुषणलाई न्यूनिकरण गर्न वायो इञ्जिनियरिङ सहितको जलाधार संरक्षण गरी ठूला/साना जलाधार क्षेत्रको संरक्षण संवर्द्धन गरिनेछ ।

**४. फोहोरमैला व्यवस्थापन :**

- नगरपालिका क्षेत्रभित्रका घरबाट निष्केका फोहोरहरुलाई उत्पादन स्थलमै वर्गिकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

- नगरपालिकाबाट संचालित डम्प इन साईट (फोहोरमैला व्यवस्थापन केन्द्र) मा वातावरणीय प्रभाव मुल्याङकन गर्दै असर न्यूनिकरण गर्ने उपायहरुलाई अगाडी बढाईनेछ ।
- फोहोरमैला व्यवस्थापन क्षेत्रमा वृक्षारोपण गरी वातावरण मैत्री पार्क निर्माण गर्ने कार्यलाई अगाडी वढाईनेछ ।

**५. जल उत्पन्न प्रकोप नियन्त्रण :**

- यस नगरपालिका क्षेत्रभित्र वर्षातका कारण वा खोलानालाहरुको निरन्तर कटानबाट क्षति हुन सक्ने वस्तीहरु, खेतियोग्य भूमीहरु र वन जंगलहरुलाई समेत संरक्षण गर्नकालागी उक्त संभावित क्षेत्रहरुको पहिचान गरी आवश्यकता अनुसार तटवन्ध निर्माण र वायोइन्जिनियरीङ कार्यक्रमलाई व्यवस्थीत गरी न्यूनिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

**६. विपद व्यवस्थापन :**

- नगरपालिका क्षेत्रभित्र मानविय एवं प्राकृतिक कारणले हुने विपद्को जोखिम न्यूनिकरण गर्न पूजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद व्यवस्थापन कोष स्थापना गर्न पहल गरिने र खासगरी गर्मि एवं वर्षा मौसममा आउनसक्ने विपद्हरु (आगोलागी, बाढीपहिरो, चट्याङ, झाडापखाला) को न्यूनिकरणकोलागी जनचेतना अभिवृद्धि गर्ने र त्यस्ता प्राकृतिक प्रकोपबाट बच्नकोलागी स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनिकरण कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाहः**

**१. मानव संशाधन विकास :**

- यस नगरपालिका क्षेत्र भित्र रहेका युवा जनशक्तिहरुको सीप एवं दक्षता विकासका लागी सीपमुलक कार्यक्रम कार्यान्वयन गर्ने ।
- यस नगरपालिका, वडा कार्यालय र अन्य विषयगत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि आवश्यकता अनुसारको क्षमता विकास तालिमको कार्यान्वयन गर्दै लगिनेछ ।

**२. संस्थागत क्षमता विकास :**

- यस नगरपालिका र नगरपालिका क्षेत्रभित्र नगरपालिका मातहत रहने/रहेका सवै सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धिकालागी आवश्यक भौतिक श्रोत साधन उपलव्ध गराउने र आधुनिक सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**३. सेवा प्रवाह :**

- यस नगरपालिका, नगरपालिका मातहतका सबै सरकारी एवं अर्द्धसरकारी निकायहरुबाट प्रवाह गरिने सेवालाई निश्चित मापदण्ड तयार गरी सो मापदण्डका आधारमा सूचना मैत्री प्रविधिको प्रयोग गरी छिटो, छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति अख्तियार गरिनेछ ।

**च) वित्तिय व्यवस्थापन र सुशासन :**

१. राजश्व परिचालन :

- यस नगरपरपालिकाको आर्थिक उन्नतिका लागी राजश्वका नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

२. वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली :

- यस नगरपालिका, नगरपालिका मातहतका विषयगत निकायहरुमा वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धीत कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाईका साथ अवलम्वन गरिने नीति लिईनेछ ।

छ) लक्षित क्षेत्र :

- यस नगरपालिका क्षेत्रभित्रका सबै लक्षित वर्ग (महिला, बालवालिका, आदिवासी जनजाति, जेष्ठ नगरिक, अपाङ्ग, युवा, दलित, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक, विपन्न जातजाति एवं अन्य) वर्गको उत्थानकालागी एक लक्षित वर्ग विशेष कोषको स्थापना गर्न पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रका लक्षित वर्गहरुको सरकारी निकाय, गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्न, विकास निर्माणका क्रियाकलापहरुमा अर्थसहितको सहभागिता सुनिश्चत गर्न र प्राप्त प्रतिफलको न्यायोचित वितरण हुने व्यवस्था गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

**ज) अन्य कार्यक्रम** : सुन्दरबजार नगरपालिकालाई विकासको दृष्टिकोणबाट नमुना नगरकोरुपमा विकास गर्न नमुना गाउँ, नमुना टोल, नमुना विद्यालय, नमुना कार्यालय, नमुना सडक, नमुना पार्क आदी जस्ता नमुना कार्यक्रमहरु कार्यान्वयन गरीने नीति लिईनेछ । यसका लागी सम्वन्धित विषयको विज्ञ सहितको समिति गठन गरी प्राप्त प्रतिवेदन एवं राय सुझावका आधारमा कार्यक्रम कार्यान्वयन गरीनेछ ।

(ख) आगामी आ.व.०७४।०७५ का लागी यस नगरपालिकाको कर, दस्तुर, शुल्क तथा महसुल निम्न बमोजिम कायम गरी लागु गर्ने ।

<u>निम्न</u>

**एकिकृत सम्पती कर**

| क्र.सं. | देखि | सम्म | कर निर्धारण |
|---|---|---|---|
| 1 | 1 | 1,00,000 | 100 |
| 2 | 100001 | 250000 | 125 |
| 3 | 250001 | 400000 | 150 |
| 4 | 400001 | 600000 | 175 |
| 5 | 600001 | 800000 | 185 |
| 6 | 800001 | 1000000 | 200 |
| 7 | 1000001 | 1250000 | 250 |

| | | | |
|---|---|---|---|
| 8 | 1250001 | 1500000 | 300 |
| 9 | 1500001 | 1750000 | 350 |
| 10 | 1750001 | 2000000 | 400 |
| 11 | 2000001 | 2200000 | 500 |
| 12 | 2200001 | 2400000 | 600 |
| 13 | 2400001 | 2600000 | 700 |
| 14 | 2600001 | 2800000 | 800 |
| 15 | 2800001 | 3000000 | 900 |
| 16 | 3000001 | 3250000 | 1200 |
| 17 | 3250001 | 3500000 | 1450 |
| 18 | 3500001 | 3750000 | 1700 |
| 19 | 3750001 | 4000000 | 1950 |
| 20 | 4000001 | 4250000 | 2200 |
| 21 | 4250001 | 4500000 | 2450 |
| 22 | 4500001 | 4750000 | 2750 |
| 23 | 4750001 | 5000000 | 3000 |
| 24 | 5000001 | 6000000 | 3500 |
| 25 | 6000001 | 7000000 | 5000 |
| 26 | 7000001 | 8000000 | 6500 |
| 27 | 8000001 | 9000000 | 8000 |
| 28 | 9000001 | 10000000 | 10000 |
| 29 | 10000001 | 12000000 | 12000 |
| 30 | 12000001 | 14000000 | 14000 |
| 31 | 14000001 | 16000000 | 16000 |
| 32 | 16000001 | 18000000 | 18000 |
| 33 | 18000001 | 20000000 | 20000 |
| 34 | 20000001 | 25000000 | 25000 |
| 35 | 25000001 | 30000000 | 30000 |
| 36 | 30000001 | 35000000 | 35000 |
| 37 | 35000001 | 40000000 | 40000 |
| 38 | 40000001 | 45000000 | 50000 |
| 39 | 45000001 | 50000000 | 60000 |

| | | | | |
|---|---|---|---|---|
| 40 | 50000001 | माथि | | रु.२ प्रति हजार |

## व्यवसाय कर

भ्याटमा दर्ता भएका व्यवसायी एवं ठूला व्यवसायीलाई क श्रेणीको, पानमा दर्ता भएका र साना व्यवसायीलाई ख श्रेणीको र भ्याट वा पानमा दर्ता प्रक्रियामा रहेका व्यवसायीहरुलाई रु.१०००। र दर्ता भईसकेपछि तल उल्लेख भए बमोजिमको कर लगाउने गरी निर्णय गरियो ।

| क.सं. | व्यवसायको विवरण | चालू आव २०७३/७४ करको श्रेणी | | चालू आव २०७४/७५ करको श्रेणी | |
|---|---|---|---|---|---|
| | स्तर | क | ख | क | ख |
| १) | पर्यटन उद्योग | | | | |
| १.१ | होमस्टे | ३०० | | ३०० | ३०० |
| १.२ | होटल,लज एवं साधारण होटल | १५०० | ५०० | १५०० | ५०० |
| १.३ | रेष्टुरेन्ट (म:म, तास,सेकुवाआदि) | १,०००।० | ३०० | १,०००।० | ३०० |
| २) | व्यापारिक वस्तु | | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खुद्रा | १५०० | ५०० | १५०० | ५०० |
| २.२ | कपडा पसल (थोक एवं खुद्रा) | १५०० | ५०० | १५०० | ५०० |
| २.३ | आयल पम्प | १५०० | | १५०० | |
| २.४ | विद्यूत सामान तथा विद्यूतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ३०० | १००० | ३०० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कारखाना | १००० | ५०० | २००० | |
| २.६ | मोटरसाइकल मर्मत | १००० | ५०० | ८०० | |
| २.७ | साइकल मर्मत | | | ५०० | |
| २.६ | निर्माण सामाग्री | २,००० | १,००० | २,००० | १,००० |
| २.७ | सुनचांदी पसल (ज्वेलेरी) | १००० | ५०० | १५०० | १००० |
| २.८ | फेन्सी पसल | १५०० | ५०० | १५०० | ५०० |
| २.९ | उनी धागो पसल | ५०० | ३०० | ५०० | ३०० |
| २.१० | जुत्ता चप्पल पसल | ८०० | ३०० | ८०० | ३०० |
| २.११ | सपिङ सेन्टर | १००० | ५०० | १००० | ५०० |
| ३) | अन्य सेवा | | | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खूद्रा) | ८०० | ३०० | ८०० | ३०० |
| ३.२ | फर्नीचर पसल | १२०० | ८०० | १२०० | ८०० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | १,००० | ५०० | १,००० | ५०० |
| ३.४ | केवुल, नेटवर्किङ | ५००० | | ५००० | ५००० |
| ३.५ | पुलवोर्ड (प्रति वोर्डरु.) | ४०० | | ४०० | ४०० |
| ३.६ | भिडियो गेम(प्रति स्किमरु.२००।) | २०० | | २०० | २०० |
| ३.७ | पुस्तक तथा पत्रिका पसल | ७०० | ३०० | ७०० | ३०० |
| ३.८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ४०० | २०० | ४०० | २०० |
| ३.९ | सस्थागत पेन्टर | २०० | | २०० | २०० |
| ३.१० | तरकारी पसल | ३०० | १०० | ३०० | १०० |
| ३.११ | बीज भण्डार | ५०० | | ५०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१२ | मासु पसल | ८०० | २०० | ८०० | २०० |
| ३.१३ | कपडा सिलाई | ८०० | ३०० | ८०० | ३०० |
| ३.१४ | हेयर कटिङ | ५०० | | ५०० | ५०० |
| ३.१५ | आर्ट | ३०० | | ३०० | ३०० |
| ३.१६ | फोटो स्टुडियो | ८०० | ३०० | ८०० | ३०० |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० | १००० | ५०० |
| ३.१८ | चश्मा पसल | ५०० | | ५०० | ५०० |
| ४) | मर्मत संभार | | | | |
| १ | रेडियो टि.भि घडी, प्रेशर कूकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्यूत सामग्री मर्मत केन्द्र | ८०० | ३०० | ८०० | ३०० |
| ५) | सेवा उद्योग | | | | |
| १ | डाइभिङ इन्स्टिच्युट | ८०० | | ८०० | ८०० |
| २ | चलचित्र मन्दिर | १,००० | | १,००० | १,००० |
| ३ | ल्याब तथा फोटो ग्राफि | १,००० | ५०० | १,००० | ५०० |
| ४ | छापाखाना | १,००० | ५०० | १,००० | ५०० |
| ६) | कृषि तथा वनजन्य उद्योग | | | १००० | ५०० |
| १ | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १००० | ५०० | | ५०० |
| ७) | उर्जामूलक | | | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | | १००० | ५०० |
| ८) | उत्पादन मूलक उद्योग | | | ८०० | ३०० |
| १ | पाउरोटी भण्डार | ८०० | ३०० | ८०० | ५०० |
| २ | मिल | ८०० | ३०० | ८०० | ३०० |
| ३ | आइसक्रिम उद्योग तथा पसल | ८०० | ३०० | | २०० |
| ९) | वित्तीय सेवा | | | १५०० | ५०० |
| १ | बैंक क/ख बर्ग | १५०० | ५०० | ३००० | २००० |
| २ | वित्तीय संस्था तथा सहकारी | १५०० | ५०० | १५०० | १००० |
| २ | रेमिटेन्स सेवा | १५०० | | | ५०० |
| १०) | स्वास्थ्य सेवा | | | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | १५०० | ८०० | १५०० | ८०० |
| २ | नर्सिङ होम | १५०० | ८०० | १५०० | ८०० |
| ३ | क्लिनिक तथा ल्याव | १५०० | ८०० | ५,००1० | ५०० |
| ४ | औषधी पसल फार्मेसी | | | ५०० | |
| ५ | दांत बनाउने पसल | ५,००1० | | | ५०० |
| ११) | शिक्षा सेवा | | | | |
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस मा.वि. र प्रा.वि. | २००० | १००० | २००० र १००० | २००० र १००० |
| २ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १००० | | १००० | ५०० |
| ३ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० | १००० | ५०० |
| ४ | टेक्निकल इन्स्टिच्यूट | १००० | | | ५०० |
| १२) | **निर्माण व्यवसायी** | | | | |
| १ | **निर्माण व्यवसायी** | १५०० | ५०० | ३००० | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | निर्माण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ | ५०००।, २०००।, १०००।, ५००। | | ५०००।,३०००।,२०००।,१०००। | |
| १३) | संचार सेवा | | | | |
| १ | निजी क्षेत्रका कुरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५०० | | | ५०० |
| १४) | विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा | | | ५०० | ३०० |
| १ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | ५०० | ३०० | ५०० | ३०० |
| २ | ल फर्म | | | ५०० | ३०० |
| ३ | कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.) | ५००० | | | १०००० |
| ४ | ज्योतिस | ५०० | | | ३०० |
| ५ | अडिटर फर्म (क ख ग घ) | १००० | ८०० | १००० | ८०० |
| १५) | अन्य व्यवसाय | | | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | २००० | | २००० | २००० |
| २ | टेण्ट हाउस | १,००० | ८०० | १,००० | ८०० |
| ३ | लाउण्डी पसल | ५०० | | ५०० | ५०० |
| ४ | मादल पसल | ३०० | | ३०० | ३०० |
| ५ | माटोको भांडा बनाउने | ३०० | | ३०० | २०० |
| ६ | मिठाई पसल | ८०० | ५०० | ८०० | ५०० |
| १६) | सा. उद्योग | | | | |
| १ | कटिङ ढूंगा उद्योग | १,००० | | १,००० | १,००० |
| २ | इट्टा भट्टा | १००० | | २५०० | २००० |
| ३ | ग्रिल उद्योग | १५०० | १०,००।० | १५०० | १००० |
| ४ | अन्य उद्योग | १,५०० | १,००० | १,५०० | १,००० |
| ५ | ब्लक उद्योग | १००० | | १००० | १००० |
| १७) | टावर | | | | |
| १ | घरमाथि टावर निर्माण गर्दा | ० | ० | ५००० | ५००० |
| २ | जमिनमा टावर निर्माण | ० | ० | ० | ४००० |
| १८ | कम्पनी स्थापना सम्बन्धी | | | | |
| १ | प्राइभेट कम्पनी स्थापना र संचालन | | | २५०० | २००० |

घरमाथि टावर निर्माण गर्दा त्यस्तो घरको घरनक्सा पास हुनुपर्नेछ र तिर्नुपर्ने सबै किसिमको कर दस्तुर तिरेको हुनुपर्नेछ ।

## सवारी साधन कर

| | | | |
|---|---|---|---|
| १ | बस, ट्रक, लहरी | १,०००।०० | ५०० |
| २ | मिनीबस, ट्रक (छ पांग्रे) | ६०० | ४०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ५०० | ३५० |
| ४ | भाडाको कारजीप | २०० | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | ५०० | २०० |
| ६ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५०० | ३०० |

| | | | |
|---|---|---|---|
| ७ | ट्याक्टर सानो ४० हर्षपावर भन्दा सानो | ३०० | २५० |
| ८ | स्कुटर मोटरसाइकल | १०० | १०० |
| ९ | ठेला तथा रिक्सा | १०० | १०० |
| १० | सफा टेम्पो | २०० | २०० |
| ११ | गोरु गाडा | ५० | ५० |
| १२ | पावर टेलर | २०० | २०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | २,०००।०० | १,०००।०० |
| | पटके सवारी कर | | |
| १ | बस, ट्रक | ० | ० |
| २ | लहरी (६ टायरभन्दा बढी) | ० | ० |
| ३ | ट्याक्टर ठुलो (४० हर्षपावरभन्दा बढी) | ० | ० |
| ४ | मिनी बस, ट्रक | ० | ० |
| ५ | ट्याक्टर सानो (४० हर्षपावरभन्दा घटी) | ० | ० |
| ६ | निजी कार, भाडा कार | ० | ० |
| ७ | ट्याम्पो | ० | ० |
| ८ | खच्चर गधा | ० | ० |
| ९ | विदेशी बस ट्रक | ० | ० |
| १० | विदेशी लहरी (६ टायरभन्दा बढी) | ० | ० |
| ११ | विदेशी मिनी बस, ट्रक | ० | ० |
| १२ | विदेशी कार र ट्याक्सी | ० | ० |

## विज्ञापन कर

| | | | |
|---|---|---|---|
| १. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि (मदिराजन्य, सुर्तिजन्य) | ८०० | प्रतिवर्ग फुट रु ५०।० |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि (अन्य) | | प्रतिवर्ग फुट रु ४०।० |
| २. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म (मदिराजन्य, सुर्तिजन्य) | ५०० | प्रतिवर्ग फुट रु ५०।० |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि (अन्य) | | प्रतिवर्ग फुट रु ४०।० |
| ३. | तुल व्यानर एक हप्ताको लागि | ५० | प्रतिवर्ग फुट रु ५० |
| ४. | तुल व्यानर एक हप्ता भन्दा बढी | १०० | प्रतिवर्ग फुट रु १०० |

**सेवा शुल्क दस्तुर**

| सि.न | विवरण | चालु बर्ष | आगामी आ ब २०७४/७५ का लागि प्रस्ताबित |
|---|---|---|---|
| १) | सिफारिस | | |
| १. | नाता प्रमाणित | नेपालीमा २०० र अंग्रजी ३०० | सा.सू. प्रयोजन २०० अन्य प्रयोजन ३०० |
| | बैक खाता खोल्ने सिफारिश | ० | ५० |
| | जिविस वा अन्य सरकारी निकाय सिफारिश | ० | १०० |
| २. | राहदानी सिफारिस | नेपालीमा ५०० र अंग्रजी ७०० | ७०० |
| ३. | घरजग्गा नामसारी/हकवाला प्रमाणित | | |
| | वोर्डले निर्धाण गरे अनुसार | ५०० | ५०० |
| ४. | घर कायम सिफारिस | कच्ची घर ३०० पक्की ५०० | कच्ची घर ३०० पक्की ५०० |
| ५. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० | ५०० |
| ६. | हकवाला संरक्षण सम्बन्धी सिफारिस | २०० | २०० |
| ७. | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० | ५०० |
| ८. | निजी विद्यालय दर्ता र स्तर बृद्धि(,मन्टेशरी/प्रावि/निमावी/मावी,उच्चमावी) | ५००।, ६००।०, ८००।०, १,०००।०, १५००। | ५००।, ६००।०, ८००।०, १,०००।०, १५००। |
| ९. | काठ दाउराको सिफारिस | काठ १५०० कूकाठ १००० | काठ १५०० कूकाठ १००० |
| १०. | अंग्रेजी रुपान्तर | ५०० | ५०० |
| ११. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १,००।०,प्रतिलिपी १५० | १,००।०,प्रतिलिपी १५० |
| १२. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५,००।० | ५,००।० |
| १३. | नाम छुटको सिफारिस | १,००।० | १,००।० |
| १४. | चार किल्ला प्रमाणित सिफारिस | ३००।० | ३००। थप प्रति कित्ता ५०। |
| १५. | सनाखतको सिफारिस | ३००।० | ३००।० |
| १६. | जन्म मृत्यु सम्बन्धी सिफारिस | १५०।० | १५०।० |
| १७. | स्थायी बसोबास सम्बन्धी सिफारिस | १५०।० | १५०।० |
| १८. | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।० | ३००।० |
| १९. | सर्जमिन शुल्क | ५००।० | ५००।० |
| २०. | अमिन शुल्क | २०००।० प्रति कित्ता | २०००।० प्रति कित्ता |
| | | त्यसपछि प्रतिकित्ता १०००।० | त्यसपछि प्रतिकित्ता १०००।० |
| २१. | विद्युत जडान सम्बन्धी सिफारिस | | |

| | | | |
|---|---|---|---|
| क) | आर.सी.सी. पक्की घर | ३,००।० | ३,००।० |
| ख) | अन्य घर | २,००।० | २,००।० |
| २२. | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३,००।० | ३,००।० |
| २३. | निजी धारा जडान सम्बन्धी सिफारिस | ३,००।० | ३,००।० |
| २४. | चारित्रिक सिफारिस | ५००।० | ५००।० |
| २५. | प्लटिङ सेवा शुल्क:२ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सोभन्दा बढी प्रति १ रोपनी | २५,०००।०, १०,०००।० र ५,०००।० | २५,०००।०, १०,०००।० ५,०००।० |
| २७. | उद्योग स्थापना सिफारिस | | |
| | कृषिजन्य उत्पादन प्रशोधन हुने / | ३००।० | १००।० |
| | लघु साना उद्योग | ३००।० | ५००।० |
| | मझौला उद्योग | ३००।० | १०००।० |
| | ठूला उद्योग | ३००।० | १५००।० |
| २८. | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ५०० | १०००।० |
| | | | |
| २९. | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशूल्क | निशूल्क |
| २) | अन्य दस्तूर | | |
| १ | निवेदन फाराम प्रति पाना | १०।० | १०।० |
| २ | अनुसूची | १०।० | १०।० |
| ३ | निवेदन दर्ता शूल्क | १० | १० |
| ४ | भवन निर्माण दरखास्त फाराम | ५००।० | ७००।० |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | ५०० | १५०० |
| ६ | जन्म, मृत, विवाह वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तुर | ५० | ५० |
| ७ | परीक्षा सम्बन्धी दरखास्त फाराम शूल्क | १०० | १५० |
| ८ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार | आर्थिक नियमावली अनुसार |
| ९ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार | आर्थिक नियमावली अनुसार |
| १० | निवेदन नक्कल प्रति पाना | कार्यालयले ७० आफैले ५।० | कार्यालयले ७० आफैले ५।० |
| ११ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | १०० | १०० |
| १२ | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर १००।० राज्य २००।० | जिल्ला भर १००।० राज्य २००।० |
| १३ | घर निर्माण नक्शाको नक्कल दस्तुर | ३०० | ३०० |

| | | | |
|---|---|---|---|
| १४ | मिलापत्र दस्तुर प्रति पक्ष | ३०० | ३०० |
| नोटः | आर्थिक सहायता, दीन दुःखी हरुको हकमा नगर प्रमुख/कार्यकारी अधिकृतको तोक आदेश अनुसार निशूल्क सेवा प्रदान गर्न सकिन्छ । | निशूल्क | निशूल्क |
| ३) | हैसियत प्रमाणित | | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | | |
| १. | रु.१ देखी १०लाखसम्म | १,०००।०० | १,०००।०० |
| २. | रु.१०लाख १ देखी २०लाखसम्म | २,०००।०० | २,०००।०० |
| ३. | रु.२० लाख १ देखी ३०लाखसम्म | ३,०००।०० | ३,०००।०० |
| ४. | रु.३० लाख १ देखी ४०लाखसम्म | ३,५००।०० | ३,५००।०० |
| ५ | रु.४० लाख १ देखी ५० लाखसम्म | ४,०००।०० | ४,०००।०० |
| ६ | रु.५० लाख १ देखी भन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०७०प्रतिशतले लिने | पचासलाख भन्दा बढि ०.०७०प्रतिशतले लिने |
| ख) | अध्ययनको लागि | | |
| १ | रु.२० लाख सम्मको रु.१०००।०० | १००० | १००० |
| २ | रु.३० लाख सम्मको रु.१५००।०० | १,५००।०० | १,५००।०० |
| ३ | रु.५० लाख सम्मको रु.२५००।०० | २,५००।०० | २,५००।०० |
| ४ | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०५०प्रतिशतले लिने | पचासलाख भन्दा बढि ०.०५०प्रतिशतले लिने |
| ग) | अंशवण्डा र दानबकसमा | १५० | १५० |
| ४) | नगरपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिस र एकीकृत सम्पत्तिकर तथा अन्य विविध करको पुनः नवीकरण गर्नूपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ । | | |

## घर नक्शापास दस्तूर

**नक्सा पास दस्तुरको हकमा चालु आ ब को माघ १ गते देखी आगामी आ.ब.सम्मका लागि तपसिल अनुसार हुने निर्णय गरियो ।**

| सि. नं. | भौतिक संरचनाको विवरण | आव २०७३/७४को **नक्सापास दस्तुर-**प्रति व.फी. **रु)** | **चालु** आव २०७४/७५ प्रस्तावित **नक्सापास दस्तुर** -प्रति व.फी.**रु)** |
|---|---|---|---|
| १. | आर. सी. सी. फ्रेम स्ट्क्चर | | |

| | | | |
|---|---|---|---|
| क) | भुमिगत तला | ४ | ५ |
| ख) | भई तला | ४ | ५ |
| ग) | पहिलो तला | ५ | ७ |
| घ) | दोश्रो तला | ६ | ९ |
| ङ) | तेश्रो तला | ८ | १२ |
| च | चौथो तला | ८ | १५ |
| छ | पाचौ तला र पाचौ तला भन्दा माथी | ८ | प्रति तला थप रु ३ का दरले बढ्दै जाने |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढूंगाको गारो आर.सी.सी. स्लेट,टायल जस्तापाता छाना | ३ | ४ |
| ३. | माटोको जोडाईमा इटा वा ढूंगाको गारो आर.सी.सी.स्लेट,टायल, जस्तापाताछाना | २ | ३ |
| ४ | अस्थायी घर वा उपरोक्तानुसारका घरहरुको नक्सापास दस्तुर लिदां न्यूनतम रु.१००० हुनेछ । | | |

| घरबाटो सिफारिश | | |
|---|---|---|
| सडकले नछोएको | ३०० | ३०० |
| कच्ची सडकले छोएको | ४०० | ४०० |
| ग्राभेल सडकले छोएको | ५०० | ५०० |
| शाखा पीच सडकले छोएको | ६०० | ६०० |
| राजमार्गले छोएको | ७०० | ७०० |

ग) आगामी आ.व.०७४।०७५ का लागी यस नगरपालिकाको आय तथा व्यय विवरण निम्नानुसार कायम हुने ।

<u>निम्न</u>

| सि.न. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानीकरण | १५८९४६०००.०० | |
| २ | ससर्त अनुदान | १५३०१७०००.०० | |
| ३ | अन्य संरचना पूर्वाधार विकास कार्यक्रम (पूजीगत) | ४८०००००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | आन्तरिक आय | ७१६००००.०० | |
| ५ | राजश्व बाडफाड (रजिस्ट्रेसनशुल्क ) | ३५०००००.०० | |
| ६ | राजश्व बाडफाड (प्राकृतिक श्रोत ) | १०००००.०० | |
| ७ | बिधुत रोयल्टी | १००००००.०० | |
| | कुल आय | ३२८५२३०००.०० | |

नोटः उपरोक्त आय अनुमानमा आगामी आ.व.०७४।०७५ का लागी सामाजीक सुरक्षा बापत प्राप्त हुने रकम र आ.व.०७३।०७४ को बाँकी मौज्दात समावेश गरिएको छैन। उक्त रकमहरु प्राप्त भए पछि यसमा समावेश गरी कुल आय कायम हुने।

**वित्तिय समानीकरण तर्फको बजेट विनियोजन देहायबमोजिम गरिएको।**

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | ३९७३६०००.०० | |
| २ | पुजीगत खर्च | ११९२१००००.०० | |
| | **कुल बजेट** | १५८९४६०००.०० | |

**पुजिगत तर्फको बजेट विनियोजन देहाय बमोजिम गरिएको।**

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | समपुरक कोष तर्फ | १००००००००.०० | |
| २ | नगर पूर्वाधार विकास कार्यक्रम तर्फ | १२००००००.०० | |
| ३ | ठूला पूर्वाधार कार्यक्रम तर्फ (न.पा. भवन निर्माण रु १ करोड समेत) | ३१००००००.०० | |
| ४ | वातावरणमैत्री कार्यक्रम प्रवर्द्धन तर्फ | १००००००००.०० | |
| ५ | सामुदायिक विकास कार्यक्रम प्रवर्द्धन तर्फ | २५०००००.०० | |
| ६ | वडागत बजेट विनियोजन (११*४०) | ४४००००००.०० | |
| ७ | मर्मत संभार कोष तर्फ | ३५०००००.०० | |
| ८ | विपद व्यवस्थापन कोष | १२३४०००.०० | |
| ९ | कर्मचारी कल्याणकोष | ४०००००.०० | |
| १० | व्याकहो लोडर सञ्चालन कोष | ५०००००.०० | |
| ११ | मानव संसाधन कोष | ५०००००.०० | |
| १२ | कन्टीजेन्सी | ३५७६०००.०० | |
| | **जम्मा** | ११९२१००००.०० | |

## नेपाल सरकार अनुदान-चालु खर्च

| बजेट रकम नं | बजेट रकम | बार्षिक बजेट |
|---|---|---|
| २११११ | तलव | २२,८००,०००।०० |
| २१११२ | स्थानिय भत्ता | ६६०,०००।०० |
| २१११३ | महंगी भत्ता | ६६०,०००।०० |
| २१११९ | अन्य भत्ता | ५००,०००।०० |
| २१११९ | अन्य भत्ता (पदाधिकारी) | १,५००,०००।०० |
| २११२१ | पोषाक | ४००,०००।०० |
| २२१११ | पानी विजुली | ३००,०००।०० |
| २२११२ | सञ्चार महशुल | १,५००,०००।०० |
| २२१२१ | घर भाडा | ७००,०००।०० |
| २२१२२ | अन्य भाडा | ५००,०००।०० |
| २२२११ | ईन्धन | १,२००,०००।०० |
| २२२१२ | सञ्चालन तथा मर्मत संभार | १,२००,०००।०० |
| २२३११ | कार्यालय सम्बन्धि खर्च | १,८००,०००।०० |
| २२३१४ | अन्य ईन्धन | ३००,०००।०० |
| २२४११ | सेवा र परामर्श | ३००,०००।०० |
| २२४१२ | अन्य सेवा शुल्क | २००,०००।०० |
| २२५२२ | अन्य कार्यक्रम खर्च | १,११६,०००।०० |
| २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | १,२००,०००।०० |
| २२६१२ | भ्रमण खर्च | १,५००,०००।०० |
| २२७११ | परिषद संचालन खर्च | ८००,०००।०० |
| २२७११ | विविध खर्च | ६००,०००।०० |
| कुल जम्मा | | ३९,७३६,०००।०० |

## आन्तरिक व्यय विवरण

| सि.न. | विवरण | बजेट |
|---|---|---|
| १ | चालु खर्च | ४५०००००.०० |
| २ | पुजिगत खर्च | ७२६००००.०० |
| | जम्मा | ११७६००००.०० |

आन्तरिक पुजिगत व्यय

| | | |
|---|---|---|
| १ | सवारी साधन खरिद | ६000000.00 |
| २ | समपुरक कोष (आयोजना/कार्यक्रम) | १२६0000.00 |
| | जम्मा | ७२६0000.00 |

आन्तरिक चालुखर्च

| बजेट रकम नं | बजेट रकम | बार्षिक बजेट |
|---|---|---|
| २११११ | त्लव | २,000,000\|00 |
| २१११२ | स्थानिय भत्ता | ६0,000\|00 |
| २१११३ | महंगी भत्ता | ६0,000\|00 |
| २१११९ | अन्य भत्ता | १00,000\|00 |
| २११२१ | पोषाक | १00,000\|00 |
| २२१११ | पानी विजुली | १0,000\|00 |
| २२११२ | सञ्चार महशुल | १२0,000\|00 |
| २२१२१ | घर भाडा | २00,000\|00 |
| २२१२२ | अन्य भाडा | १00,000\|00 |
| २२२११ | ईन्धन | १00,000\|00 |
| २२२१२ | सञ्चालन तथा मर्मत संभार | १00,000\|00 |
| २२३११ | कार्यालय सम्बन्धि खर्च | ३00,000\|00 |
| २२३१४ | अन्य ईन्धन | १00,000\|00 |
| २२४११ | सेवा र परामर्श | ५0,000\|00 |
| २२४१२ | अन्य सेवा शुल्क | ५0,000\|00 |
| २२५२२ | अन्य कार्यक्रम खर्च | ५0,000\|00 |
| २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | ३00,000\|00 |
| २२६१२ | भ्रमण खर्च | ३00,000\|00 |
| २२७११ | परिषद संचालन खर्च | २00,000\|00 |
| २२७११ | विविध खर्च | २00,000\|00 |
| कुल जम्मा | | ४,५00,000\|00 |

**निर्णय नं.४**

यस नगर सभामा पेश हुदा निर्धारण छुट हुन गएका तथा संशोधन गर्नुपर्ने अवस्था सृजना भएका कर,दस्तुर, शुल्क, महशुल तथा अन्य नीतिगत बिषयमा आवश्यकता अनुसार निर्णय गरी कार्यान्वयन गर्ने नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं ५**

यस नगरपालिकाको आ.व. ०७३/०७४ मा कार्यसम्पादनको शिलशिलामा निर्वाचित पदधिकारीहरु बहाल हुनुभन्दा अगाडी नगरपालिकाको राजनीतिक परामर्श समिति, नगरपालिका वोर्ड वैठक, प्रमुख तथा कार्यकारी अधिकृत, जाँचपास तथा फरफारक समिति, विभिन्न उपसमितिहरुबाट भएका सवै निर्णयहरुलाई आजको वैठकवाट अनुमोदन गर्ने ।

**निर्णय नं ६**

यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना र दरबन्दी सृजना गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

**निर्णय नं.७**

निर्णय नं ६ कार्यान्वयन नहुन्जेल सम्मको लागी यस नगरपालिकाका लागी नगरपालिकाको मिति २०७३।०९।१८ मा सम्पन्न तेस्रो नगर परिषदबाट स्वीकृत भएको एवं नेपाल सरकारद्धारा २०७४।०२।१७ मा जारी स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन आदेश, २०७४ मा तोकिए बमोजिम नगरपालिकाको दरवन्दी संरचना स्वीकृत गर्ने ।

~~[illegible]सिल अनुसारको दरबन्दी कायम गर्ने ।~~

**निर्णय नं.८ :**

आ.व. २०७३।७४ को अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनार्थ लेखा परिक्षक नियुक्तिका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं.९**

आ.व. २०७३।७४ को जिन्सी निरीक्षण, जिन्सी लिलाम, मिन्हा गर्ने कार्य कानुन बमोजिमको प्रकृया अवलम्वन गरी गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं.१० :**

आ.व. ०७४।७५ मा यस नगरपालिकामा देहायका कोषहरु स्थापना गर्ने निर्णय गरियो ।

क) विपद् व्यवस्थापन कोष

ख) मर्मत सम्भार विशेष कोष

ग) कर्मचारी कल्याण कोष

ः) व्याक हो लोडर संचालन कोष

ङ) मानव संसाधन कोष

निर्णय नं ११

आ.व.२०७४।०७५ को बार्षिक खरिद योजना तथा कार्य संचालन तालिका निर्माण गरी सो अनुरुप कार्यान्वयन गर्ने जिम्मा नगर कार्यपालिकालाई दिने ।

निर्णय नं १२:

सुन्दरबजार नगरपालिकालाई व्यवस्थीत र सुविधा सम्पन्न नगरपालिका निर्माण गर्न यस नगरपालिका क्षेत्रभित्र बन्ने आवासीय, व्यापारीक, औद्योगीक तथा सामुदायीक भवन हरुको निर्माणका लागी राष्ट्रिय भवन संहिता र हाल कार्यान्वयनमा रहेको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड २०७२ अनुरुप नै कार्यान्वयन गर्ने ।

निर्णय नं. १३

विगत आ.व. हरुमा पेश्की लिई हाल सम्म पनि पेश्की फछ्यौट नगर्ने ब्यक्ति, उपभोक्ता समितिका पदाधिकारीहरु र संघ संस्थाहरुलाईं पत्राचार गरी आगामी आ.व. ०७४।०७५ को पहिलो छ महिनामा बेरुजुलाई सुन्यमा झार्ने कार्यको जिम्मा नगर कार्यपालिकालाई दिने ।

निर्णय नं. १४

नगरपालिकाबाट पारित दररेटमा व्यवसाय कर असुली गर्ने कार्यमा यस नगरपालिका कार्यालय र उद्योग वाणिज्य संघ का सुन्दरबजार र भोटेवडार ईकाई लमजुङ बीच सहकार्य गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १५

नगरपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुमा सेवा ग्रहणका लागी आउने सेवाग्राहीको सहजता एवं सुशासन व्यवस्थापनकालागी आगामी आ.व. ०७४।७५ मा डिजिटल नागरीक वडापत्र तर्जुमा गरी लागु गर्ने ।

निर्णय नं. १६

नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रवर्द्धन गरी सो मा निरन्तरता दिंदै नगरलाई बालमैत्री नगर घोषणा गर्न पहल गर्ने ।

निर्णय नं. १७

यस नगरपालिका भित्र रहेका बजार केन्द्रहरुलाई व्यवस्थीत गरी तरकारी तथा फलफुल बजार व्यवस्थापन गर्नकोलागी सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्दै जाने ।

निर्णय नं. १८

यस नगरपालिका भित्र रहेका सडक एवं बाटोहरुको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरु र सरोकारवालाहरु सँग समन्वय गरी कार्यान्वयन गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १९

यस सुन्दरबजार नगरपालिकामा चालु वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अर्न्तगतका सम्पूर्ण कार्यक्रमहरु अनुमोदन गर्ने ।

निर्णय नं. २०

सुन्दरबजार नगरपालिकाले सम्पादन गरेको योजनाहरु र प्रवाह गर्ने सेसुविधाको सम्वन्धमा भएका आ.व. २०७३/७४ को सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको प्रतिवेदनलाई पारित गर्दै औल्याईएका सुझावहरुलाई क्रमश लागु गर्ने ।

निर्णय नं २१

नगरपालिकाबाट सम्पादन गरिने पूर्वाधार, सामाजिक, आर्थिक, वित्तिय, संस्थागत, सेवा प्रवाह आदी जस्ता कार्यहरुकालागी आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने ।

निर्णय नं २२

नगर कार्यपालिकाको मिति २०७४/०३/२८ गतेको बैठकको निर्णय नं ४ बमोजिम समपुरक कोष, ठूला पूर्वाधार कार्यक्रम, नगर पूर्वाधार कार्यक्रम, वातावरण मैत्री कार्यक्रम, स्थानीय शासन प्रवर्द्धन कार्यक्रम, मर्मत सम्भार कोष, विपद् व्यवस्थापन कोष, व्याक हो लोडर संचालन कोष एवं वडा समितिबाट निर्णय भई आएका कार्यक्रम लगाएतका बाडफाड गर्न बाँकी कार्यक्रमहरुतर्फ विनियोजित रकमबाट कार्यपालिकाको बैठकबाट निर्णय गरे बमोजिम हुने गरी कार्यान्वयन गर्ने व्यवस्था गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं २३

नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयानुसार यस नगरपालिकामा सामवेस हुन आयका साविक चन्द्रेश्वर गाविस हाल सुन्दरबजार नगरपालिका वडा नं ३, साविक दुराडाडा गाविस हाल सुन्दरबजार नगरपालिका वडा नं ४, साविक धुसेनी गाविस हाल सुन्दरबजार नगरपालिका वडा नं १० र साविक सिन्दुरे गाविस हाल सुन्दरबजार नगरपालिका वडा नं ११ मा एकिकृत सम्पतिकर लगाउने विषयमा देहाय अनुसारको समिति गठन गरी उक्त समितिबाट साविकमा अवलम्वन गरिएको विधि र प्रकृया अवलम्वन गरी पेश गरेको दररेट सहितको प्रतिवेदनलाई नगर कार्यपालिकाको बैठकबाट संशोधन सहित वा यथा स्थीतिका स्वीकृत गरी तोकेको दररेटमा स्वीकृत भएको मितिदेखी लागु गर्ने ।

**देहाय**

| | |
|---|---|
| १. सम्वन्धीत वडाको वडा अध्यक्ष | संयोजक |
| २. सम्वन्धीत वडाका सदस्यहरु | सदस्य |
| ३. मालपोत कार्यालयका अधिकृत प्रतिनिधी | सदस्य |
| ४. उद्योग वाणिज्य संधको प्रतिनिधी | सदस्य |
| ५. सम्वन्धीत वडाको वडा सचिव | सदस्य सचिव |

निर्णय नं २४

स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा उल्लेखित विधि र प्रकृया पुरा गरी नगरपालिका समक्ष सबै वडाबाट (वडा समितिको) निर्णय अनुसार पेश हुन आएको आयोजना, कार्यक्रमहरुलाई तोकिएकै प्राथमिकताक्रमबाट प्राविधिकको लागत इष्टिमेटका आधारमा संभाव्य देखीएका कार्यक्रमहरुमा सबै क्षेत्र समेटिने गरि समानुपातिक रुपमा बजेट विनियोजन गरी कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने ।

नर्णय नं २५

ागरपालिकाको आन्तरिक आम्दानी (आन्तरीक आय, रजिष्टेसन शुल्क, राजश्व बाडफाँड बापत प्राप्त हुने रकम) ामोजिम निर्वाचित पदधिकारीहरुको सेवा सुविधा तथा स्थायी कर्मचारीहरुलाई स्थानीय भत्ता, खाजा खर्च, ावधिक जीवन विमा आदिको व्यवस्था गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

नर्णय नं २६

ो सभा आगामी पाँच वर्षका निमित्त यस नगरपालिकाको समृद्धिकालागी **"सुन्दरबजार नगरवासीको एकमात्र ाहाना-समुन्नत समृद्ध नगरको स्थापना"** भन्ने नाराको घोषणा गर्दछ ।

नर्णय नं २७

ो सभा आ.व. ०७३।७४ मा यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गर्दछ ।

नर्णय नं २८

ोजनाहरुको हकमा पुरा नभएको योजनाहरुमा कार्य सम्पन्न प्रतिवेदन बनाउन कार्यालयका कर्मचारीहरुलाई कहि त्तैबाट वाध्यात्मक स्थिति सिर्जना गर्न तथा योजनाहरुको उपभोक्ता समितिको अनुगमन तथा सहजिकरण ामिति .को संयोजक वडा अध्यक्ष पदेन रुपमा हुने व्यवस्था गर्ने ।

निर्णय नं २९

पाउदीढीक देखि किरिन्चे सम्मको मध्य पहाडी लोकमार्गको रेखाकन र मापदण्डको बिषयमा विगत देखि नै अन्योलताको स्थिती उत्पन्न हुदै नया सरचनाहरु निर्माणमा समेत रोक लगाएको अवस्थामा उक्त समस्याको समाधानका लागी तपसिल अनुसारको एक समिति गठन गरी श्रावण मसान्त सम्ममा सम्बन्धीत निकायहरुमा गै सो को ठोस निकासका लागि पहल गर्ने ।

तपसिल

१ श्री जनकराज मिश्र– नगर प्रमुख – संयोजक ।
२ श्री ज्ञानु शाह– नगर उपप्रमुख– सदस्य ।
३ श्री वडा अध्यक्ष, १–११ वडा – सदस्य ।
४ श्री शान्ता भूजेल, कार्यपालिका सदस्य – सदस्य
५ श्री चन्द्रमा घिमिरे, कार्यपालिका सदस्य –सदस्य
६ श्री शारदा भट्टराई, वडा सदस्य - सदस्य
७ श्री भोलानाथ गुरागाई कार्यकारी अधिकृत -सदस्य सचिव